प्रेस विज्ञप्ति

नेपाल सरकार र संयुक्त अरव इमिरेट्स् (युएई) सरकारबीच सन् २०१९, जुन १४ मा सम्पन्न द्विपक्षीय श्रम समझदारी बमोजिमको संयुक्त कार्य समितिको तेस्रो बैठक आज मिति २०८०/०२/३१ गते (तद्नुसार सन् २०२३, जुन १४) काठमाडौंमा सम्पन्न भयो। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको आयोजनामा सम्पन्न उक्त बैठकमा दोस्रो बैठकमा भएका समझदारीको कार्यान्वयन तथा प्रगति अवस्थाको समिक्षा गर्दै द्विपक्षीय श्रम समझदारीमा व्यवस्था भए बमोजिम आगामी ४ वर्षको लागि स्वतः नविकरण हुने समझदारी भयो। उक्त बैठकमा नेपालको तर्फबाट समितिमा भाग लिने कार्यदलको नेतृत्व गर्दै मन्त्रालयका सहसचिव श्री राजिव पोखरेलले द्विपक्षीय समझदारीको पुनरावलोकन, नेपाल सरकारको श्रम तथा वैदेशिक रोजगारसम्बन्धी पछिल्ला कानूनहरूको जानकारी, नेपाली श्रमिकहरूलाई युएईमा न्यूनतम तलवको सुनिश्चितता, मृत्यु हुने नेपाली श्रमिकहरूको शव सहज रूपमा नेपाल ल्याउने व्यवस्था, जेल तथा कैदमा रहेका नेपाली श्रमिकहरूको विवरण तथा अलेखवद्ध रूपमा युएईमा रहेका नेपाली श्रमिकहरूलाई आममाफी सहित नेपाल फिर्तीमा सहजीकरण, नेपाली श्रमिकहरूको सीप स्तरोन्नतीका लागि द्विपक्षीय सहकार्य, स्वच्छ तथा मर्यादित भर्ना प्रक्रिया जस्ता विषयहरूमाथि छलफलका लागि प्रस्ताव राखु भई संयुक्त कार्यसमितिको बैठक अगाडि बढाउनु भएको थियो। नेपाल सरकारको तर्फबाट राखिएका प्रस्तावहरूमा गहन छलफल भई युएई सरकारका तर्फबाट नेतृत्व गर्नु भएका Assistant Under Secretary Abdulla Alnuaimi ले नेपाल सरकारको तर्फबाट राखिएका प्रस्तावहरू संवोधन गर्न युएईको श्रम बजारको अवस्था चित्रण गर्दै आफ्नो कार्यदल र Ministry Human Resource and Emiratisation सकारात्मक रहेको धारणा राख्नुभयो। युएई सरकारका तर्फबाट Abdulla Alnuaimi ले नेपालबाट घरेलु कामदार लैजान इच्छुक रहेको वताउदै सोको प्रकृया अगाडि वढाउन अनुरोध गर्नुभएको थियो।

उक्त संयुक्त कार्यसमिति बैठकको शुभारम्भमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव श्री केवल प्रसाद भण्डारीले बैठक सफलताको शुभकामना व्यक्त गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन दुवै सरकारको भूमिका उल्लेखनीय रहेको बताउनु भयो। साथै वैदेशिक रोजागरीको भर्ना प्रकृया स्वच्छ तथा मर्यादित बनाउन दुवै सरकारबीच आपसी सहकार्य अभिवृद्धि गर्दै जानुपर्नेमा जोड दिनुभयो।

२०८०।०२।३१

मितिः- २०८० जेठ ३१

कविराज उप्रेती
उपसचिव/सहायक प्रवक्ता



CamScanner